**राक्सिराङ्ग गाउँ सभाको मित २०७७०३।१० गते शुरु भएको सातौं अधिवेशनको पहिलो बैठकको निर्णयहरु :**

१. गाउँ सभाका अध्यक्ष श्री राजकुमार मल्लले उपलब्ध गराउनु भएको शुन्य समयमा गाउँ सभा सदस्य श्री राजेन्द्र वलले कृषि क्षेत्रलाई आधुनिकीकरण र व्यवसायीकरण गर्न प्रत्येक वडामा कृषि प्राविधि र पशु चिकित्सक राख्नुपर्ने, स्थानीयस्तरमा उत्पादन हुने मदिरालाई वैधानिकता दिन पहल गरिनु पर्ने लगायतका भनाई राख्नु भयो ।

२. अध्यक्ष श्री राजकुमार मल्लले आगामी आर्थिक वर्ष २०७७/०७८ को वार्षिक नीति तथा कार्यक्रम सभा समक्ष पेश गर्नुभयो तदुपरान्त गाउँ सभा सदस्य तथा वडा नं. ३ का वडाध्यक्ष श्री वावुलाल स्याङतानले सवै क्षेत्रलाई समेटेर समावेशीताको सिद्धान्त अनुरुप ल्याइएको वार्षिक नीति तथा कार्यक्रम अत्यन्तै राम्रो भएको विचार राख्दै नीति तथा कार्यक्रममा सवैलाई साथ, सहयोग र समर्थन गर्न अनुरोध गर्नुभयो । अध्यक्ष श्री राजकुमार मल्लले सभाका सदस्यहरुलाई नीति तथा कार्यक्रममाथी छलफल गर्न समय निर्धारण गर्नुभयो । छलफलमा सहभागी हुँदै गाउँ सभा सदस्य श्री सुरेश घलानले कृषि क्षेत्रमा रासायनिक मलको अभाव, फौजी किराको आतंकलाई नियन्त्रण गर्न कार्यक्रमहरु राखिनुपर्ने, अपांगता परिचयपत्र वितरण गरिनुपर्ने लगायतका भनई राख्नुभयो । तदुपरान्त सभाका अध्यक्ष श्री राजकुमार मल्लले आगामी आर्थिक वर्ष २०७७/०७८ को वार्षिक नीति तथा कार्यक्रलाई सभा समक्ष निर्णयार्थ प्रस्तुत गर्नुभयो र सभाले आगामी आर्थिक वर्ष २०७७/०७८ को वार्षिक नीति तथा कार्यक्रलाई सर्वसम्मत पारित गऱ्यो ।

३. तदुपरान्त अध्यक्ष श्री राजकुमार मल्लले उपाध्यक्ष श्री निर्मला हिम्डुङ्गलाई गाउँ कार्यपालिकाको विभिन्न मितिमा वसेको बैठकले गरेको बजेट संशोधन प्रस्ताव सभाको अनुमोदनको लागि पेश गर्न अनुमति दिनुभयो । उपाध्यक्ष श्री निर्मला हिम्डुङ्गले आफ्ना कुरा राख्दै बजेट संशोधन प्रस्ताव वाचन गर्न गाउँ सभा सदस्य वडा नं. ८ को वडाध्यक्ष श्री रामकृष्ण प्रजालाई जिम्मेवारी दिनुभयो । वडाध्यक्ष श्री रामकृष्ण प्रजाले बजेट संशोधन प्रस्ताव सभामा छलफलको लागि पेश गरे पश्चात अध्यक्ष श्री राजकुमार मल्लले उक्त प्रस्तावमाथी छलफलको लागि समय निर्धारण गर्दा कुनैपनि सदस्यले छलफलमा भाग लिन नचाहेपछि अध्यक्ष श्री राजकुमार मल्लले उक्त प्रस्तावलाई निर्णयार्थ प्रस्तुत गर्नुभयो र सभाले गाउँ कार्यपालिकाको विभिन्न मितिमा वसेको बैठकले गरेको बजेट संशोधन प्रस्ताव सर्वसम्मत अनुमोदन गऱ्यो ।

४. तदुपरान्त अध्यक्ष श्री राजकुमार मल्लले उपाध्यक्ष श्री निर्मला हिम्डुङ्गलाई आर्थिक विधेयक, २०७७ सभामा छलफलको लागि प्रस्तुत गर्न अनुमति दिनुभयो । उपाध्यक्षद्धारा प्रस्तुत प्रस्तावलाई गाउँ सभा सदस्य तथा वडा नं. २ का वडाध्यक्ष श्री सूर्य बहादुर मोक्तानले समर्थन जनाउनु भयो । तदुपरान्त अध्यक्ष श्री राजकुमार मल्लले आर्थिक विधेयक, २०७७ लाई सभामा छलफलको लागि समय निर्धारण गर्दा कुनैपनि सदस्यले छलफलमा भाग लिन नचाहेपछि आर्थिक विधेयक, २०७७ लाई स्वीकृत गरियोस भन्ने प्रस्ताव सभामा निर्णयार्थ प्रस्तुत गर्नुभयो र सभाले उक्त प्रस्तावलाई सर्वसम्मत स्वीकृत गऱ्यो ।

५. तदुपरान्त अध्यक्ष श्री राजकुमार मल्लले उपाध्यक्ष श्री निर्मला हिम्डुङ्गलाई विनियोजन विधेयक, २०७७ सभामा छलफलको लागि प्रस्तुत गर्न अनुमति दिनुभयो । उपाध्यक्षद्धारा प्रस्तुत प्रस्तावलाई गाउँ सभा सदस्य तथा वडा नं. १ का वडाध्यक्ष श्री कान्छाराम रुम्वाले समर्थन जनाउनु भयो । तदुपरान्त अध्यक्ष श्री राजकुमार मल्लले विनियोजन विधेयक, २०७७ लाई सभामा छलफलको लागि समय निर्धारण गर्दा कुनैपनि सदस्यले छलफलमा भाग लिन नचाहेपछि विनियोजन विधेयक, २०७७ लाई स्वीकृत गरियोस भन्ने प्रस्ताव सभामा निर्णयार्थ प्रस्तुत गर्नुभयो र सभाले उक्त प्रस्तावलाई सर्वसम्मत स्वीकृत गऱ्यो ।

६. तदुपरान्त अध्यक्ष श्री राजकुमार मल्लले उपाध्यक्ष श्री निर्मला हिम्डुङ्गलाई आगामी आर्थिक वर्ष २०७७/०७८ को आय र व्ययको अनुमान (बजेट) सभामा छलफलको लागि प्रस्तुत गर्न अनुमति दिनुभयो । उपाध्यक्षद्धारा आफ्ना कुरा राख्दै आय र व्ययको अनुमान (बजेट) वाचन गर्ने जिम्मेवारी गाउँ सभा सदस्य तथा वडा नं. ८ का वडाध्यक्ष श्री रामकृष्ण प्रजालाई सुम्पनुभयो । वडाध्यक्ष श्री रामकृष्ण प्रजाले आगामी आर्थिक वर्षको २०७७/७८ को आय र व्ययको अनुमान (बजेट) प्रस्तुत गरे पश्चात उक्त प्रस्तावलाई कार्यपालिका सदस्य श्री सिमोन वि.क.ले समर्थन जनाउनुभयो । तदुपरान्त अध्यक्ष श्री राजकुमार मल्लले आगामी आर्थिक वर्ष

राक्सिराङ्ग गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
राक्सिराङ्ग, मकवानपुर
बागमती प्रदेश, नेपाल

राजकुमार मल्ल
अध्यक्ष

२०७७/०७८ को आय र व्ययको अनुमान (बजेट) थप छलफलको लागि गाउँ कार्यपालिकामा फिर्ता पठाउन सचिवालयलाई निर्देशन दिनुभयो ।

**तदुपरान्त अध्यक्ष राजकुमार मल्लले गाउँ सभाको सातौं अधिवेशनको दोश्रो बैठक २०७७ असार १६ गते वुधबार दिनको ११:०० बजे वस्ने गरी पहिलो बैठकको कारवाही अन्त्य भएको घोषण गर्नुभयो ।**

राक्सिराङ्ग गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
राक्सिराङ्ग, मकवानपुर
बागमती प्रदेश, नेपाल

राजकुमार मल्ल
अध्यक्ष